केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/३५/०६६/६७ मिति : २०६६/१२/२४

इजाजतपत्रप्राप्त/प्रस्तावित बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट जारी भएको "बैंक/वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवं प्रकृयागत व्यवस्था: २०६३" को बुँदा नं. ६.२ (संस्थापनाको लागि स्वीकृति दिने व्यवस्था) लाई यस बैंकको प.सं. बै.वि.नि.वि./नीति/परिपत्र/२३/०६६/६७ मिति २०६६/०९/२२ को परिपत्रको बुँदा नं. (ग) र (घ) ले गरेको परिमार्जन पश्चात कायम रहेको विद्यमान व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ अनुसार देहायको व्यवस्था कायम गरिएको छ।

(क) सैद्धान्तिक सहमतिपत्र (letter of Intent) प्रदान गर्ने निर्णय भएको मितिले ३० (तीस) दिन भित्र संस्थापकहरूले खरीद गर्ने प्रतिबद्धता गरेको शेयर पूँजीको ४५ प्रतिशतले हुने रकम; निष्कृय कर्जा ५ प्रतिशत भन्दा कम रहेको, तरल सम्पत्ति न्यूनतम २० प्रतिशत कायम रहेको र तोकिए बमोजिमको न्युनतम पूँजीकोष कायम भएको यस बैंकबाट इजाजतपत्र प्राप्त "क" वर्गका बैंकमा नगदै जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने छ। उक्त जम्मा गरिएको रकमलाई यस बैंकबाट वित्तीय कारोवार गर्ने इजाजतपत्र प्राप्त नगरुन्जेलसम्मका लागि रोक्का गरी सके पश्चात् सैद्धान्तिक सहमति पत्र प्रदान गरिने छ।

(ख) उक्त रोक्का गरिएको खाताबाट प्राप्त व्याज रकम प्रमाणित हुने भरपाई र VAT तथा PAN मा दर्ता भएको फर्म/कम्पनीको बिलको आधारमा मात्र खर्च गर्न सकिनेछ।

(ग) सैद्धान्तिक सहमति पत्र प्रदान भएको १२ महिना भित्रमा प्रचलित कानूनी एवम् नीतिगत व्यवस्था बमोजिमका कार्यहरू सम्पन्न गरी एवम् बैंक तथा वित्तीय संस्था संचालनका लागि आवश्यक भौतिक पूर्वाधारहरू तयार गरी वित्तीय कारोवार संचालन गर्ने इजाजत पत्र लिई सक्नु पर्ने छ। सो अवधिमा वित्तीय कारोवार संचालन गर्ने इजाजतपत्र नलिएको खण्डमा यस बैंकबाट प्रदान गरिएको सैद्धान्तिक सहमतिपत्र स्वत: रद्द हुनेछ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
८. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं।
९. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं।
१०. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं।